# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**प्रदेश निजामती सेवाका अधिकृत सातौं तहका प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. ३०/२०८१-०८२** **मितिः- २०८२।०१।१९**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नु पर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।०२।२२ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रुपमा भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू:

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।

५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ।

६. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।

७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा २९ बमोजिम हुनुपर्ने।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुनेछ।

९. स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनु पर्नेछ ।

क) जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ९२/०८१-८२ | तथ्याङ्क अधिकृत,आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ |
| २ | ९३/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | २ |
| ३ | ९४/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | १ |
| ४ | ९५/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | २ |
| ५ | ९६/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | २ |
| ६ | ९७/०८१-८२ | ईन्जिनियर,ईन्जिनियरिङ्ग, सिभिल,हाइड्रोपावर | १ |
| ७ | ९८/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | २ |
| ८ | ९९/०८१-८२ | ईन्जिनियर,ईन्जि., मेकानिकल | १ |
| ९ | १००/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | २ |
| १० | १०१/०८१-८२ | वागवानी विकास अधिकृत,कृषि,वागवानी | २ |
| ११ | १०२/०८१-८२ | बाली विकास अधिकृत,कृषि,बाली विकास | १ |
| १२ | १०३/०८१-८२ | बाली संरक्षण अधिकृत,कृषि,बाली संरक्षण | १ |
| १३ | १०४/०८१-८२ | कृषि अर्थविज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | २ |
| १४ | १०५/०८१-८२ | मत्स्य विकास अधिकृत,कृषि,मत्स्य | १ |
| १५ | १०६/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | १ |
| १६ | १०७/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | १ |
| १७ | १०८/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | १२ |
| १८ | १०९/०८१-८२ | कम्युनिटि नर्सिङ्ग अधिकृत,स्वास्थ्य,क.न | १ |
| १९ | ११०/०८१-८२ | स्वास्थ्य शिक्षा अधिकृत,स्वास्थ्य,हेल्थ एजुकेशन | १ |
| २० | १११/०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट,स्वास्थ्य,मेडिकलल्याब टेक्नोलोजि,जनरल मेडिकल ल्याब टेक्नोलोजि | १ |
| २१ | ११२/०८१-८२ | जनस्वास्थ्य अधिकृत,स्वास्थ्य,हेल्थ ईन्सपेक्सन | १ |

ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ११३/०८१-८२ | तथ्याङ्क अधिकृत,आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ |
| २ | ११४/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | ३ |
| ३ | ११५/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | २ |
| ४ | ११६/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | ३ |
| ५ | ११७/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | ३ |
| ६ | ११८/०८१-८२ | ईन्जिनियर,ईन्जिनियरिङ्ग, सिभिल,हाइड्रोपावर | १ |
| ७ | ११९/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | ३ |
| ८ | १२०/०८१-८२ | ईन्जिनियर,ईन्जि., मेकानिकल | १ |
| ९ | १२१/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | २ |
| १० | १२२/०८१-८२ | वागवानी विकास अधिकृत,कृषि,वागवानी | २ |
| ११ | १२३/०८१-८२ | बाली विकास अधिकृत,कृषि,बाली विकास | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १२ | १२४/०८१-८२ | बाली संरक्षण अधिकृत,कृषि,बाली संरक्षण | २ |
| १३ | १२५/०८१-८२ | कृषि अर्थविज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | २ |
| १४ | १२६/०८१-८२ | मत्स्य विकास अधिकृत,कृषि,मत्स्य | १ |
| १५ | १२७/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | २ |
| १६ | १२८/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | २ |
| १७ | १२९/०८१-८२ | खाद्य अधिकृत,कृषि,फूड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल | १ |
| १८ | १३०/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | १३ |
| १९ | १३१/०८१-८२ | जनस्वास्थ्य अधिकृत,स्वास्थ्य,हेल्थ ईन्सपेक्सन | १ |
| २० | १३२/०८१-८२ | कम्प्युटर अधिकृत,विविध | १ |

**दरखास्त दस्तुरः** अधिकृत सातौं तहका लागि रु. १००० (एक हजार रुपैंया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)

**राजस्व शीर्षक नं .** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

### धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

## प्रदेश निजामती सेवाका अधिकृत सातौं तहका प्राविधिक पदहरुको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ३१/२०८१-०८२** **प्रकाशन मितिः-२०८२।०१।१९**

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका आ.प्र.,अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

**क) अधिकृत सातौं तह**

| क्र.सं. | विज्ञापन नं. ...०८१८२- | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | ५६२/०८१-८२ | तथ्याङ्क अधिकृत,आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | प्रदेश | खुला | १ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| २ | ५६३/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | आ.प्र. | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | १ | |
| ३ | ५६४/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | अन्तर तह | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | १ | |
| ४ | ५६५/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | खुला | ४ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | प्रदेश | | २ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | ३ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | ३ | |
| | | ईन्जिनियर,ईन्जिनियरिङ्ग, सिभिल,हाइड्रोपावर | प्रदेश | | १ | |

| क्र.सं. | विज्ञापन नं. ...०८१८२- | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| ५ | ५६६/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | महिला | १ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | १ | |
| ६ | ५६७/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | दलित | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,हाइवे | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | १ | |
| ७ | ५६८/०८१-८२ | ईन्जिनियर,ईन्जि.,सिभिल जनरल | प्रदेश | थारु/राना थारु | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,स्यानिटरी | प्रदेश | | १ | |
| | | ईन्जिनियर,ईन्जि., सिभिल,इरिगेसन | प्रदेश | | १ | |
| ८ | ५६९/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | आ.प्र. | १ | |
| ९ | ५७०/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | अन्तर तह | १ | |
| १० | ५७१/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | खुला | ४ | |
| ११ | ५७२/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | महिला | १ | |
| १२ | ५७३/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | दलित | १ | |
| १३ | ५७४/०८१-८२ | ईन्जिनियर,ईन्जि., सिभिल,विल्डिङ्ग एण्ड आर्किटेक्ट | प्रदेश | थारु/राना थारु | १ | |
| १४ | ५७५/०८१-८२ | हाइड्रोजियोलोजिष्ट, ईन्जि., जियोलोजि,हाइड्रोजियोलोजि | प्रदेश | खुला | १ | |
| १५ | ५७६/०८१-८२ | ईन्जिनियर,ईन्जि., मेकानिकल | प्रदेश | खुला | १ | |
| १६ | ५७७/०८१-८२ | नापी अधिकृत,ईन्जि,सर्भे | प्रदेश | खुला | १ | |
| १७ | ५७८/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | प्रदेश | आ.प्र. | १ | |
| | | वागवानी विकास अधिकृत,कृषि,वागवानी | प्रदेश | | १ | |
| | | बाली संरक्षण अधिकृत,कृषि,बालीसंरक्षण | प्रदेश | | १ | |
| | | कृषि अर्थबिज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | प्रदेश | | १ | |

| क्र.सं. | विज्ञापन नं. ...०८१८२- | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १८ | ५७९/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | प्रदेश | खुला | ३ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| | | वागवानी विकास अधिकृत,कृषि,वागवानी | प्रदेश | | २ | |
| | | बाली विकास अधिकृत,कृषि,बालीविकास | प्रदेश | | १ | |
| | | बाली संरक्षण अधिकृत,कृषि,बालीसंरक्षण | प्रदेश | | २ | |
| | | कृषि अर्थबिज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | प्रदेश | | ३ | |
| | | माटो बिज्ञान अधिकृत,कृषि,माटो विज्ञान | प्रदेश | | १ | |
| १९ | ५८०/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | प्रदेश | महिला | १ | |
| | | वागवानी विकास अधिकृत,कृषि,वागवानी | प्रदेश | | १ | |
| | | बाली विकास अधिकृत,कृषि,बालीविकास | प्रदेश | | १ | |
| | | बाली संरक्षण अधिकृत,कृषि,बालीसंरक्षण | प्रदेश | | १ | |
| | | कृषि अर्थबिज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | प्रदेश | | १ | |
| २० | ५८१/०८१-८२ | कृषि प्रसार अधिकृत,कृषि,कृषि प्रसार | प्रदेश | दलित | १ | |
| | | वागवानी विकास अधिकृत,कृषि,वागवानी | प्रदेश | | १ | |
| | | बाली संरक्षण अधिकृत,कृषि,बालीसंरक्षण | प्रदेश | | १ | |
| | | कृषि अर्थबिज्ञ,कृषि,एग्रि.ईकोनोमिक्स. एण्ड एग्री मार्केटिङ्ग | प्रदेश | | १ | |
| २१ | ५८२/०८१-८२ | मत्स्य विकास अधिकृत,कृषि,मत्स्य | प्रदेश | खुला | १ | |
| २२ | ५८३/०८१-८२ | मत्स्य विकास अधिकृत,कृषि,मत्स्य | प्रदेश | महिला | १ | |
| २३ | ५८४/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | प्रदेश | आ.प्र. | १ | |
| २४ | ५८५/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | प्रदेश | खुला | २ | |
| २५ | ५८६/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | प्रदेश | महिला | १ | |
| २६ | ५८७/०८१-८२ | पशु विकाश अधिकृत,कृषि,ला.पो.डे.डे. | प्रदेश | दलित | १ | |
| २७ | ५८८/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | प्रदेश | आ.प्र. | १ | |
| २८ | ५८९/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | प्रदेश | खुला | २ | |
| २९ | ५९०/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | प्रदेश | महिला | १ | |

| क्र.सं. | विज्ञापन नं. ...०८१८२- | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| ३० | ५९१/०८१-८२ | पशु चिकित्सक,कृषि,भेटेरीनरी | प्रदेश | दलित | १ | |
| ३१ | ५९२/०८१-८२ | खाद्य अधिकृत,कृषि,फुड न्यूट्रिसन एण्ड क्वालिटि कन्ट्रोल | प्रदेश | खुला | १ | |
| ३२ | ५९३/०८१-८२ | कृषि ईन्जिनियर,कृषि,एग्री इन्जिनियरिङ्ग | प्रदेश | खुला | १ | |
| ३३ | ५९४/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | आ.प्र. | ३ | |
| ३४ | ५९५/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | अन्तर तह | ३ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| ३५ | ५९६/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | खुला | १७ | |
| | | भू-संरक्षण अधिकृत,वन,स्वायल एण्ड वाटर कन्जभेसन | प्रदेश | | १ | |
| | | तालिम तथा अनुसन्धान अधिकृत,वन,फरेष्ट.रीसर्च | प्रदेश | | १ | |
| ३६ | ५९७/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | महिला | ५ | |
| ३७ | ५९८/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | दलित | २ | |
| ३८ | ५९९/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | थारु/राना थारु | २ | |
| ३९ | ६००/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | आ.वि.खस आर्य | २ | |
| ४० | ६०१/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | पि.क्षे. | १ | |
| ४१ | ६०२/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | आ.ज. | १ | |
| ४२ | ६०३/०८१-८२ | वन अधिकृत,वन,जनरल फरेष्ट्री | प्रदेश | अपाङ्ग | १ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| ४३ | ६०४/०८१-८२ | वातावरण निरीक्षक, वन, वातावरण | प्रदेश | खुला | १ | |
| ४४ | ६०५/०८१-८२ | नर्सिङ्ग अधिकृत,स्वास्थ्य,जनरल नर्सिङ्ग | प्रदेश | खुला | १ | |
| ४५ | ६०६/०८१-८२ | नर्सिङ्ग अधिकृत,स्वास्थ्य,जनरल नर्सिङ्ग | प्रदेश | महिला | १ | |
| ४६ | ६०७/०८१-८२ | कम्युनिटि नर्सिङ्ग अधिकृत,स्वास्थ्य,क.न | प्रदेश | खुला | १ | |
| ४७ | ६०८/०८१-८२ | कम्युनिटि नर्सिङ्ग अधिकृत,स्वास्थ्य,क.न | प्रदेश | महिला | १ | |
| ४८ | ६०९/०८१-८२ | स्वास्थ्य शिक्षा अधिकृत,स्वास्थ्य,हेल्थ एजुकेशन | प्रदेश | खुला | १ | |

| क्र.सं. | विज्ञापन नं. ...०८१८२- | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| ४९ | ६१०/०८१-८२ | स्वास्थ्य शिक्षा अधिकृत,स्वास्थ्य,हेल्थ एजुकेशन | प्रदेश | महिला | १ | |
| ५० | ६११/०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य,मे.ल्या.टे,ज.मे.ल्या.टे. | प्रदेश | खुला | २ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| ५१ | ६१२/०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य,मे.ल्या.टे,ज.मे.ल्या.टे. | प्रदेश | महिला | १ | |
| ५२ | ६१३/०८१-८२ | जनस्वास्थ्य अधिकृत,स्वास्थ्य,हेल्थ ईन्सपेक्सन | प्रदेश | खुला | २ | |
| | | ईन्टोमोलोजिष्ट,स्वास्थ्य,हे.ई | प्रदेश | | १ | |
| ५३ | ६१४/०८१-८२ | जनस्वास्थ्य अधिकृत,स्वास्थ्य,हेल्थ ईन्सपेक्सन | प्रदेश | महिला | १ | |
| ५४ | ६१५/०८१-८२ | जनस्वास्थ्य अधिकृत,स्वास्थ्य,हेल्थ ईन्सपेक्सन | प्रदेश | दलित | १ | |
| ५५ | ६१६/०८१-८२ | फार्मेसी अधिकृत,स्वास्थ्य,फार्मेसी | प्रदेश | खुला | १ | |
| ५६ | ६१७/०८१-८२ | फार्मेसी अधिकृत,स्वास्थ्य,फार्मेसी | प्रदेश | महिला | १ | |
| ५७ | ६१८/०८१-८२ | बायोमेडिकल ईन्जिनियर,स्वास्थ्य,बायोमेडिकल ईञ्जिनियरिङ्ग | प्रदेश | खुला | १ | |
| ५८ | ६१९/०८१-८२ | फिजियोथेरापिष्ट,स्वास्थ्य, फिजियोथेरापी | प्रदेश | खुला | १ | |
| ५९ | ६२०/०८१-८२ | कम्प्युटर अधिकृत,विविध | प्रदेश | खुला | १ | |
| ६० | ६२१/०८१-८२ | महिला विकास अधिकृत,विविध | प्रदेश | खुला | १ | |
| ६१ | ६२२/०८१-८२ | अर्थशास्त्री,विविध | प्रदेश | खुला | १ | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, सामूहिक परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)

**परीक्षा केन्द्रः-** धनगढी, कैलाली

**परीक्षाको माध्यमः -** परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०२/०८ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०२/१५ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८२/०२/०८ सम्म पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाको हकमा २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

**दरखास्त दस्तुरः-** सातौं तहको हकमा दरखास्त दस्तुर रु. १०००/- आ.प्र.,अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ४००/- र थप पत्रका लागि प्रति पत्र थप ४००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफुले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि बैंक छानी Online Payment छान्नुहोस र तोकिएको वालेटहरु छानी Username, Password राखि भुक्तानी गर्नुहोस। Offline Payment को लागि My Application मा गएर All Application मा Click गरेपछि आफुले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस र Click here मा Click गरी Voucher Generate गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसके पछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नु पर्नेछ ।

प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दा कै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनु पर्नेछ ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

## खुला तथा अन्तरतह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **तथ्यांक अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्कः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

२. **इञ्जिनियर, इञ्जि., सिभिल, जनरलः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

३. **इञ्जिनियर, इञ्जि., सिभिल, हाइवेः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

४. **इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरीः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. **इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशनः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

६. **इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा सिभिल एण्ड इन्भारोमेन्टल इञ्जिनियरिङ्ग वा हाइड्रोपावर इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

७. **इञ्जिनियर, इञ्जि., सिभिल, वि.एण्ड आर्किटेक्ट**-मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

८. **हाइड्रोजियोलोजिष्ट, इञ्जि., जियोलोजी, हाइड्रोजियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इञ्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियोकेमिष्ट्री वा जियोलोजिकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

९. **मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग वा अटोमोवाइल इञ्जिनियरिङ्ग वा इण्डस्ट्रियल इञ्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

१०.**नापी अधिकृत,इञ्जि.,सर्भेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । मिति २०६८।७।२१ मा प्रकाशित राजपत्र भाग ५ को सूचना बमोजिम सम्वत् २०६८ साल भदौ १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्बन्धी सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ

११.**कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसारः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१२.**बागवानी विकास अधिकृत, कृषि, वागवानीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१३.**बाली विकास अधिकृत, कृषि, बाली विकासः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१४.**बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षणः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१५.**कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको.एण्ड मार्केटिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ विजिनेस मुख्य विषय लिइ स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१६.**माटो बिज्ञान अधिकृत, कृषि, माटो बिज्ञानः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि. एस्सी. एगृ) वा सो सरह उत्तीर्ण ।

१७.**मत्स्य विकास अधिकृत,कृषि, मत्स्यः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बि.एस्सी. एगृ./बि.एस्सी (पशु विज्ञान)/बि.भी. एस्सी एण्ड ए.एच वा सो सरह उत्तीर्ण ।

१८.**पशु चिकित्सक, कृषि, भेटेरिनरीः—**-मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भी.एस्सी. एण्ड ए.एच.वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

१९.**पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डेः-** पशु विज्ञान मुख्य विषय लिई बि.एस्सी.(एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक.(डेरी टेक्नोलोजी वा लाइभस्टक एक्सटेन्सन) बि.भी.एस्सी. एण्ड ए.एच. वा बि.भी.एस्सी./डि.भि.एम. वा सो सरह उत्तीर्ण ।

२०.**खाद्य अधिकृत, कृषि, फूड, न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल—** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्यमाइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण।

२१.**कृषि इन्जिनियर, कृषि, एगृ इन्जिनियरिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इञ्जिनियरीङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

२२.**वन अधिकृत, वन, जनरल फरेष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

२३.**भू-संरक्षण अधिकृत, वन, स्वायल एण्ड वाटर कन्जरभेसनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

२४.**तालिम तथा अनुसन्धान अधिकृत, वन, फरेष्ट रिसर्चः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु÷पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

२५.**वातावरण निरीक्षक, वन, वातावरण**-- मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

२६.**जनरल नर्सिंङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिंङ्ग**ः-मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।

२७.**स्वास्थ्य, कम्युनिटी/पब्लिक हेल्थ नर्सिंङ्ग**ः-मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।

२८.**स्वास्थ्य शिक्षा अधिकृत, स्वास्थ्य, हेल्थ एजुकेशन**ः- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त र सम्बन्धित व्यवसायीक परिषद्मा दर्ता/नविकरण भएको हुनु पर्नेछ ।

२९.**मेडिकल ल्याव टेक्नोलोजीष्ट, स्वास्थ्य,मेडिकल ल्याव टेक्नोलोजी, जनरल मेडिकल ल्याव टेक्नोलोजी** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातक तह उत्तीर्ण ।

३०.**जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन** - मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण ।

३१.**फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी**ः- मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह वा सो सरह उत्तीर्ण

३२.**वायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, वायोमेडिकल इञ्जिनियरिङ्ग**ः- मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इञ्जिनियरिङ्ग वा मेडिकल इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उपाधि प्राप्त ।

३३.**फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी**ः-मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

३४.**कम्प्युटर अधिकृत,विविध**ः-कम्प्यूटर साइन्समा स्नातक वा कम्प्यूटर इञ्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा (फिजिकल) स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशिस डिजाइन र सफटवेयर डेभलपमेन्टमा कम्तिमा ९ महिनाको डिप्लोमा प्राप्त ।

३५.**महिला विकास अधिकृत, विविध**ः मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।

३६.**अर्थशास्त्री, विविध**ः- मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

## आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

(च) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्तामा सम्मिलित हुन अगाडि रोजाइको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारहरुलाई अन्तर्वार्तामा सहभागी गराइने छैन ।

(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(झ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ख) **मधेसीका हकमा** मधेशी आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मधेशी आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीयतहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र  पेश गर्नु पर्ने छ।

ङ) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

च) **आर्थिक रुपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिब परिचयपत्र प्राप्त गरको भए सो परिचयपत्र वा परिचयपत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनि प्रदान गरेको सिफारिस पेश गर्नु पर्नेछ ।

छ) **मुस्लिमको हकमा** मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ज) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा । स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइँ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइँको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइँ गरेको खुल्ने कागजात पेश गर्नु पर्ने छ।

**द्रष्टव्य**

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधि भरमा एक पटकमात्र पाउनेछ ।

ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा (पहिलो संशोधन) ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैन।

ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि, तालिम, समकक्षता, व्यवसायिक दर्ता र अन्य योग्यता गणना गरिने छैन ।

ङ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनु पर्नेछ ।

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनु पर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तरतह, समावेशी एवम् खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

झ) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।

ञ) उम्मेदवारले अनलाईन मार्फत फारम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराइने हुदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ ।

ट) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं छनौट गर्नु पर्नेछ ।

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

ड) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

ढ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।

ण) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुने।

त) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाईटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**थप जानकारीका लागिः** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com